# अगमवाणी बुझ्दै

# फ्रियाङ्क्लीनद्धारा टिप्पणी

१ कोरिन्थी १४ : १ प्रेमलाई तिमीहरूको लक्ष्य बनाओ, र आत्मिकि वरदानहरूका निम्ति उत्कट अभिलाषा राख, विशेष गरी अगमवाणी बोल्नहका निम्ति।

१. अगमवाणीको बारे तथ्य

ग्रीक शव्द : प्रोफेटिया ( प्रो– अगिल्तिर; फेमि – बोल्नु ) ले "बुद्धिको अगिल्तिर र परमेश्वरको सल्लाहमा बोल्नु " भुन्ने सङ्केत गर्छ ।

पुरानो करारको भविष्यवाणीको सेवकाई मुख्यतय भविष्यमा हुने घटनाहरुको बारेमा अघि नै भन्नु हो ।

मीका ५ : २ "तर ए बेथलेहेम एप्राता, तँ यहूदाका कुलहरूमध्ये सानो भए तापनि तँबाट मेरो निम्ति एक जना निस्कुनुहुनेछ, जो इस्राएलका शासक हुनुहुनेछ, जसको सुरु पुरानो समयदेखि, अर्थात् प्राचीनकालदेखि नै छ।"

र नयाँ करारमा चाहिँ कहिलेकाही ( यूहन्ना ११ : ५१) ।

यूहन्ना ११ : ५१ यो तिनले आफ्नौ तर्फबाट भनेका थिएनन्, तर त्यस वर्षका प्रधान पूजाहारी भएका हुनाले राष्ट्रको निम्ति येशू मर्नुपर्छ भन्नो अगमवाणी बोलेका हुन्।

अगमवाणी भनेको त्यस्ता कुराहरुको घोषणा गर्नु हो जुन प्रकृतिक माध्यमबाट थहा गर्न सकिन्न

मत्ती २६ : ६८ "हे ख्रीष्ट , लौ, अगमवाणी भन्१ तँलाई हिर्काउने को हो ?"

यो चाहिँ परमेश्वरको इच्छाहरुको बारेमा अघि नै भन्नु हो, चाहे त्यो भूत काल, वर्तमान काल, वा भविष्य काललाई सङ्केत गरेर ।

उत्पत्ति २० : ७ ; व्यवस्था १८ : १८ ; प्रकाश १० : ११ ; ११ : ३

नयाँ करारमा यो नैतिक उपदेश, प्रोत्साहान, र आरामका लागि हो ।

१ कोरिन्थी १४ : ३ तर अगमवाणी बोल्ने हरेकले मानिसहरूसँग नै बोल्दछन्। तिनीहरूका आत्मिक वृद्धि, उत्साह र सान्व्नाको निम्ति ऊ बोल्दछ।

नयाँ करारमा भविष्य कथनको अगमवाणी छ र यो कहिलेकाही प्रकाशको रुपमा बोलिने गर्दछ । उदाहरणका लागि , बाइबलको अन्तिम पुस्तक प्रकाशको पुस्तक हो र त्यसलाई यस्तो पनि भनिने गर्दछ : “ युहन्नाका लागि प्रकाश” ।

यस्तो परिवर्तन हुनका लागि एक मुख्य कारण पूजहारीका काम र पदमा परिवर्तन आउँनाले हो ।

- पूरानो करारमा पूजहारीका माध्यमद्धारा मानिसहरुले परमेश्वरको बारेमा सोधपूछ गर्ने गर्थे ।
- नयाँ करारमा सबै विश्वासीहरु राजकिय पूजहारीका पद र कामका हिस्सा हुन्, र उनीहरु व्यक्तिगत रुपमा पनि परमेश्वरसँग बातचित गर्न सक्छन् ।

१ पत्रूस २ :९ तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ। उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योएतिमा ल्याउँनुभयो, ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक।

साथै, चौथो शताब्दी ए डी सम्म । हामीहरुसँग बाइबल थिएन । आज विश्वासीहरु उनीहरुका अत्मिकी मार्गदर्शनका लागि बाइबल प्रयोग गर्ने पनि गर्दछन् । मानिसहरु सल्लाहाका लागि सेवा गर्ने व्यक्तिका पनि जान सक्छन्, र भविष्यवाणीबाट पनि मार्गदर्शन आउँन सक्छ ।

- प्रेरित २१ : १०–१३

अगमवाणीको बरदानलाई प्रय जसो अन्य बरदानहरुले साथ दिन्छ :

- बुद्धिका शव्द, ज्ञानका शव्द, र आत्माहरु छुट्टयाउन सक्ने बरदान । प्रेरित १३ : ८–१२; १६ : १६–१८
- निको पर्ने प्रेरित १४ : ८–१०

२. अगमवाणी कार्यमा अलौकिक छ

"प्रचार " शव्द (ευαγγελιζωμαι) नयाँ करारमा " अगमवाणी "(προφητευων) शव्दबाट भिन्न छ । प्रचार गर्नका लागि सतर्कता साथको तयारी चाहिन्छ ( प्रार्थना, अध्ययन, पवित्र आत्माको मार्गदर्शन )। अगमवाणीद्वारा समाचार दिनका लागि मानिसले कुनै तयारी गर्दनन्, तर पवित्र आत्माको अगुवाइ र उहाँको वचन प्राप्त गर्न बाहेक । पहिले केही शव्दहरु मात्र आउँछन् र बाकि शव्दहरु चाहि जसै मानिस बोल्दै जान्छ त्यति बेला आउँदै जान्छ ।

अगमवाणी – परमेश्वर मानिससँग अलौकिक तरिकाबाट बोल्ने – प्रचार गर्न पहिले आउँन सक्नेछ । तर, यो पहिलेबाट तयारी गरेको कुरा होइन ।

> २ पत्रुस १ : २०–२१ सर्वप्रथम तिमीहरूले यो बुझ्नुपर्दछ, कि पवित्र धर्मशास्त्रको कुनै अगमवाणी व्यक्तिगत व्याख्याको विषयमा होइन। किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन्।

अगमवाणी **पवित्र आत्मासँग** प्राय जसो संबन्धीत भएर वा जब मानिस**मा** आउँनु हुन्छ त्यति बेला मात्र हुन्छ :

- गन्ती ११ : १७, २५–२९ एल्दाद र मेदाद
- १ शामूएल १० : ६,९,१० शाउल

**पवित्र आत्मा** छणीक रुपमा **अविश्वासीमा** वा यस्तो मानिस जो परमेश्वरको इच्छा विपरित चल्छ उनीहरुमा पनि आउँनु हुन्छ , र उहाँद्वरा बरदानहरुलाई उत्पन्न गराउँनु हुन्थ्यो । तसर्थ, पवित्र आत्मा बरदानहरुका कार्यहरुले त्यस मानिसको सम्बन्ध परमेश्वरसँग असल छ भनेर प्रमाणीत **गर्दैन** ।

- कैयाफको अगमवाणी यूहन्ना ११ : ४९–५२
- शावलका समाचारवाहाक १ शामूएल १९ : २०–२३
- यहूदाले रागीलाई निको पारे र अशुद्ध आत्माहरु निकाले प्रेरित १ : १७ , २५

एक **अ**विश्वासीद्धारा पनि अगमवाणी आउँन सक्ने सम्भावना छ, जो पवित्र आत्माद्धारा अगमवाणी बोलिरहेका **होइनन्** तर अन्य वा दुष्ट आत्माद्धारा हो जसले आफूलाई ख्रीष्ट येशूको अगमवक्ता हो भनेर भन्छन् वा दाबि पनि गर्छन् ।

- यो येशूको वचनद्धरा निश्चय गर्न सक्छौं : मत्ती ७ : २२,२३

तसर्थ, हामीहरु अगमवाणी ,वा अन्य कुनै पनि बरदानहरु देखि होसियार हुनु पर्छ, साथै उनीहरुको आरक्भे र समर्थ बारे ।

- १ कोरिन्थी १४ : २९ अगमवाणी बोल्नेचाहिँ दुई अथवा तीन जना होऊन्, र अरूले तिनीहरूले बोलेको कुरा राम्ररी जाँच गरून्।

सबै अगमवाणीहरु मण्डलीका अगुवाहरुद्धारा न्याय गरिनु पर्छ । अगमवणीहरुले कहिले पनि परमेश्वरको वचन बाइबलसँग असहमत जनाउँदैन ।

एक असल तरीका जसबाट अगमवक्तको र उनको विश्वासयोग्यतालाई जाँच गर्न सकिन्छ

त्यो उनको अध्ययनको तरीकाबाट, जान्ने र परमेश्वरको वचन अनुसार ज्यूने तरीकाद्धरा हो ।

- १ कोरिन्थी १४ : ३७,३ कसैले आफूलाई अगमवक्ता अथवा आत्मिक मानिस सम्झन्छ, भने, मैले लेखेको कुरा प्रभुको आज्ञा हो भन्ने त्यसले स्वीकार गरोस्। **तर कसैले यसको वास्ता गर्दैन भने, त्यसको पनि वास्ता गरिनेछैन।**

३. झूटा अगमवक्ताहरु र झूटा अगमवाणीहरु

१ यूहन्ना ४ : १–३ भाइ हो, जुनसुकै आत्मालाई विश्वास नगर, तर आत्माहरु परमेश्वारबाट आएका हुन् कि होइनन् भनेर तिनको जाँच गर। किनभने धेरै **झूटा अगमवक्ताहरू** यस संसारमा निस्कि आएका छन्। यसैबाट तिमीहरू परमेश्वरका आत्मालाई चिन्छौ र हरेक आत्मा जसले येशू ख्रीष्ट शरीरमा आउनुभएको हो भनी स्वीचकार गर्छ, सो परमेश्वरबाट हो। येशूलाई स्वीकार नगर्ने हरेक आत्मा परमेश्वारबाट होइन, तर त्यो ख्रीष्ट विरोधीको आत्मा हो, जसको विषयमा "त्यो आउँछ" भन्नेर तिमीहरूले सुनेका छौ। अब त्यो यस संसारमा आइसकेको छ।

अगमवाणीको एक परीक्षा :

व्यवस्था १८ : २२ कुनै अगमवक्ताले परमप्रभुको नाउँमा बोलेको कुरा पूरा भएन वा सत्य ठहरेन भने, त्यो परमप्रभुले भन्नुोभएको वचन होइन। सो त्यही अगमवक्ताको मनगढ़न्त कुरा हो। तिमीहरू त्यसदेखि नडराउनू।

## ४. अगमवाणीका सिमाहरु

१ कोरिन्थी १३ : ९ हाम्रो ज्ञान अपूर्ण छ, हाम्रो अगमवाणी अपूर्ण छ। अगमवाणीलाई न्याय गर्ने एक असल तरीका भनेको बोल्ने व्यक्तिमा जसको लागि बोलिएको छ उस प्रतिको करुणा, वास्ता र फिक्रीबाट हो ( १ कोरिन्थी १३ : १–३ ) । जुनसुकै अगमवाणी जसले नयाँ सिधान्तलाई परिचय गराउँछ जुन चाही परमेश्वरको वचनसँग सहमत हुन्दैन, त्यसलाई निकाल्नु पर्छ, त्यस विषयमा बोलिनु पर्छ र सुधार्नु पर्छ । सिधान्त परमेश्वरको वचनबाट सिकाइनु पर्दछ र " प्रकाश "बाट होइन । धेरै झुटा शिक्षाहरुलै वचनका सिधान्तहरुमा थारै बङ्गीयाएर सुरु गरेका थिए ।

आजकाल मण्डलीहरुलाई प्रायजसो सताउने गरेका झुटा सिधान्तहरुले उनीहरुले उनीहरुका आरम्भ कुनै कल्पना गरिएको "प्रकाश"बाट भएको हो भन्ने गर्छन् । धेरै जसो मण्डलीहरु जुटा अगमवाणीका कारण झगडा र सम्वन्ध टुटिएर

विभाजन भएर गएका छन् । मानवका सम्भव विचारहरु अगमवाणीमा प्रवेश गरेकोले गर्दा त्यसले नयाँ प्रकाशलाई अघिल्लो तिर राखेको छ यस उद्देश्यका लागि यी बरदानहरु प्रयोग गर्न दिन धैरै खतरनाक हुन्छ ।

२ तिमोथी ३ : १६,१७ सम्पूर्ण पवित्र **शास्त्र** परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्।

पवित्र आत्माले वचनमा थप्ने काम गर्दैन । वचनहरु मानिसले आफैलाई पूर्ण रुपमा सज्जित गर्नका लागि चाहीने सबै थोकबाट पर्याप्त छ । तरैपनि अगमवाणीको बरदानले सत्यलाई जोड दिने वा प्रकाश गर्ने काम गर्दछ जुन बोलिएको व्यक्तिको आवश्यत्ता अनुसार महत्वपूर्ण छ ।

प्रकाशको सहि अगमवाणीका उदाहरणहरु यी हुन् :

- प्रेरित ११ : २७–३० अगाडीका मण्डलीहरु अनिकालका लागि तयारी हुन पाएका थिए ।
- प्रेरित १६ : ९,१० पावल माकेडोनियामा डोहोयाईएको
- प्रेरित २० : २३; २१ : १०–१३ पावलले यरुशलेमको अघि के छ भन्ने बारे चेतावनी दिएका थिए
- १ कोरिन्थी १४ : २६ यो देखाइएको थियो कि प्रकाशको सार्वजनिक सभामा पनि स्थान छ , तर सिधान्त सृजना गर्न होइन ।

५. अगमवाणीको गुणस्तर र गम्भीरता अगमवाणी गर्नेको परिपक्कतामा निर्भर हुन्छ ।

१ कोरिन्थी १४ : ३१ तिमीहरू सबैले पालैसँग अगमवाणी बोल्नी सक्छौर, र यसरी नै **सबैले सिक्न सक्छुन्** अनि सबैले उत्साह पाउन सक्छन्।

- ती जो सिकि रहेका छन् उनीहरु प्रति धैरिय गर्नु पर्छ ।
- हामीहरुले यो बुझ्नु पर्छ कि जब मानिसले अगमवाणी बोल्छन् वा अनुवाद गर्दछन् त्यति बेला परमेश्वर मात्र बोलि रहनु भएको **होइन** – नत्रत आदेश वा अध्ययनको आवश्यत्ताको महत्व हुन्दैन थियो होला १ कोरिन्थी १४ : १३ मा भने झैँ । परमेश्वरले प्रेरण दिनुहुन्छ र मानिसले त्यसपछि, उनको विवेकद्धारा, ती कुराहरुलाई शव्दमा ढाल्छन् । यो चाहि अचूक परमेश्वर र अचूक मानिसको मेल हो । तसर्थ फेरि, अगमवाणी सावधानरुपमा तौलिनु र न्याय गरिनु पर्दछ जसै मानिसको विचार सजिलै गरि अन्यत्र जान सक्छ र परमेश्वरको वचनमा थप्न सक्छ ।
- ३२ पदले भन्दछ : " अगमवक्ताहरूका आत्मा अगमवक्ताहरूकै अधीनमा हुन्छन्।" यसको अर्थ यो हो कि ती मानिस जसले अगमवाणी बोल्छन् उनीहरु उनीहरुले जे बोलि रहेका र गरि रहेका छन् त्यसको नियन्त्रणमा हुन्छन् । उनीहरु पूर्णरुपमा पवित्र आत्माको नियन्त्रणमा हुन्दैनन् । त्यस मानिस उनले जे गर्छन्, जे भन्छन् र कसरी भन्छन् त्यसको नियन्त्रणमा हुन्छन् । तसर्थ, फेरि पनि, अगमवाणी सतर्कता साथ तौलिनु र न्याय गरिनु पर्दछ ।

अगमवाणी गर्ने **क्षमता सबैलाई** प्रधान गरिएको छ । सबैसँग पवित्र आत्मा छ ।

- प्रेरित २ : १७,१८ 'आखिरी दिनहरूमा यस्तो हुनेछ भनी परमेश्वर भन्नुरहुन्छ, म **सबै** मानिसहरू माथि मेरा आत्मा खन्योइदिनेछु, र तिमीहरूका **छोराहरू**, र तिमीहरूका **छोरीहरूले** अगमवाणी बोल्नेछन्, र तिमीहरूका युवकहरूले दर्शन देख्नेअछन्, र तिमीहरूका बूढ़ापाकाहरू स्वप्न दर्शी हुनेछन्। हो, म आफ्ना **दास दासीहरूमाथि** ती दिनमा मेरा आत्मा खन्याइदिनेछु, र तिनीहरूले अगमवाणी बोल्नेछन्।

तरैपनि **सिर्फ केहीसँग मात्र " बरदान " छन्** ( रोमी १२ : ४–६ ) र त्यसलाई सङ्तिहरुमा परिपक्क रुपमा र ग्रहण हुने तरीकामा प्रयोग गर्छन् ।

### ६. अगमवाणीका उद्देश्यहरु

प्रकाश १९ : १० अनि तिनलाई दण्डवत् गर्न म तिनको पाउमा घोप्टो् परें। तर तिनले मलाई भने, “तिमीले मलाई यसो गर्नुहुँदैन। म येशूको गवाही कायम राख्ने तिम्रा भाइहरूको र तिम्रो सङ्गी दास मात्र हुँ। परमेश्वरलाई दण्डवत् गर किनकि येशूको गवाही अगमवाणीको आत्मा हो।

अगमवाणीको उद्देश्य भनेको प्रेम, प्रेरण, वास्ता र येशूको मुक्ति त्यस व्यक्तिलाई वा जसको लागि बोलिएको छ त्यसलाई प्रकट गर्नका लागि हो ।

१ कोरिन्थी १४ : ३–५ तर अगमवाणी बोल्ने हरेकले मानिसहरूसँग नै बोल्दछ। तिनीहरूका आत्मिक **वृद्धि**, **उत्साह** र **सान्तवनाको** निम्ति ऊ बोल्दछ। अन्य भाषामा बोल्ने ले आफ्नै आत्मिाक वृद्धि गर्दछ। तर अगमवाणी बोल्नेकले मण्डलीको **आत्मिक वृद्धि** गराउँछ। तिमीहरू सबै अन्या भाषा बोल भन्ने म चाहन्छु, तर त्यसभन्दा् अझ बढ़ी तिमीहरूले अगमवाणी बोलेका म चाहन्छु। मण्डलीको आत्मिक वृद्धिको निम्ति कसैले अर्थ खोलिदिएन भने, अन्य भाषामा बोल्न् भन्दा अगमवाणी बोल्ने श्रेष्ठ हो।

### ७. अगमवाणीले वृदि गराउँछ

१ कोरिन्थी १४ : ४ अन्य, भाषामा बोल्नेले आफ्नै आत्मिक वृद्धि गर्दछ। तर अगमवाणी बोल्नेले मण्डलीको आत्मिक **वृद्धि** गराउँछ।

"वृदि" शव्द चाहि : ओइकोडोमि ( ग्रीक ) संयुक्त भईएको :

३६२४ ओइकोस् – घर, वा मन्दीर , र

१४३० डोमा – निर्माण गर्न

तसर्थ : घर वा आकार निर्माण गर्न ; निर्माण गर्न

वृदि – कुनै पनि व्यक्तिसँग यसरी बोल्ने कि उनलाई आत्मिकी तवरमा, नैतिकत रुपमा र बुद्धिमानी रुपमा प्रोत्साहन दिन ।

रोमी १४ : १९ यसैले हामी ती कुराहरूको अनुसरण गरौं जसले शान्ति ल्याउँछ, अनि एउटाले अर्काको आत्मिक **उन्नति** ( आइकोडोमी) गराउँछ।

८. अगमवाणी सल्लाहा दिन्छ पियारियाक्लेसिस् ( ग्रीक)

सल्लाहा दिनुको अर्थ : बलियो भएर उठ्नु, प्राय जसो जागृति ल्याउँने शव्दहरुद्धारा, सल्लाहा वा अनुरोधद्धारा ।

१ कोरिन्थी १ : १०; ४ : १६ १ थेसलोनिकी ४ : १ २ थेसलोनिकी ३ : १२

२ तिमोथी ४ : २ तीतस १ : ९; २ : १५ १ पत्रूस ५ : १

९. अगमवाणीले आराम दिन्छ पारामुथिया ( ग्रीक )

आराम दिन – ढाक्न, सरल, सजिलो, छट्कारा, सतावटको वा निरासको समयमा ।

२ कोरिन्थी १ : ३–६ हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर तथा पिता, करुणामय पिता, र सबै सानतवनाका परमेश्वसरलाई प्रशंसा होस्। उहाँले हामीलाई सबै दुखमा सानतवना दिनुहुन्छ्, ताकि हामीले पनि परमेश्वरबाट पाएको त्यही सानतवनाले कुनै पनि दुखमा परेकाहरूलाई सान्त्वना दिन सकौं। किनकि जसरी हामी ख्रीष्ट्का कष्टकमा प्रशस्ता गरी सहभागी हुन्छौ, त्यसरी नै ख्रीष्टद्वारा सानतवनामा पनि प्रशस्तु मात्रामा हामी सहभागी हुन्छौं। हामीले दुख पायौं भने यो तिमीहरूका सानतवना र उद्धारको निम्ति हो। हामीले सानतवना पायौं भने पनि त्यो तिमीहरूका सानतवनाको निम्ति हो। हामीले भोगेका त्यही दुखहरू तिमीहरूले धैर्यसाथ सहँदा तिमीहरू पनि त्यही सानतवना अनुभव गर्छौं।

केही मात्रामा सतावट र पिडा सबै ख्रीष्टीयनहरुलाई हुने गर्दछ र यसमा छान्ने र परिपक्क बनाउँने क्षमता छ ।

कोरन्थीका मानिसहरु जसले पाप गरेका थिए उनीहरुलाई पावलले भनेका छन् "तर बरु तिमीहरूले त्यसलाई क्षमा गर्नु र सानतवना दिनुपर्छ, नत्रता त्यो ज्यादै शोकमा डुबिजाला।" २ कोरिन्थी २ : ७

अगमवाणीले ती मानिसहरु जो कठिन समय भएर गईरहेका छन् उनीहरुलाई एक निको पार्ने मलमका रुपमा काम गर्न सक्छन् । परमेश्वरद्धारा दिइएका वचनहरुले ती कठिन परीक्षाबाट र सतावटबाट भएर गइरहेका लागि शान्ति र आराम ल्याउँदछ ।

१०. अगमवाणीले पापीहरुमा दोषीको भावना ल्याउँदछ

१ कोरिन्थी १४ : २४, २५ तर सबैले अगमवाणी गरिरहेको बेला कोही अविश्वासी वा बाहिरको मानिस त्यहाँ पस्यो भने उसलाई सबैद्‌वारा आफ्नो पापको बोध हुनेछ, र सबैद्‌वारा ऊ जाँचिनेछ। त्यासको हृदयका गुप्त् कुराहरू प्रकट हुनेछन्, र घोप्टो परेर त्यसले परमेश्वरलाई पुज्नेछ, र त्यसले "परमेश्वर तिमीहरूका माझमा हुनुहुन्छ" भन्ने घोषणा गर्नेछ।

अगमवाणीले विश्वासीहरुलाई आशिष दिन्छ र पापीहरुलाई दोषी ठहराउँछ । यसले अविश्वासीहरुलाई यो महसुस गराउँदछ कि एक अलौकिक घटना घटेको छ र त्यो चाहि प्रभु परमेश्वर तिमीसँग हुनुहुन्छ । अगमवाणीमा भएको केही कुराले तिरले झैं घर बसाल्छ र अविश्वासीहरुलाई परमेश्वर सिधै उनीहरुसँग बोलि रहनु हुदैछ जस्तो गराउँछ ।

हामीले यो याद राख्नु पर्छ कि दोषीको भावना ल्याउँनु चाहि परिवर्तन गर्नु होइन । पापीहरुलाई परिवर्तन गर्न अगमवाणीमात्र काफि छैन । सुसमाचारको बारेमा व्याख्य

गर्न अत्यन्त आवश्यक छ त्यस मानिसलाई साँचो रुपमा आत्मासमर्पण गर्ने निर्णयमा ल्याउँन र येशू ख्रीष्टलाई आफ्नो उद्धारकर्ताका रुपमा ग्रहण गर्न र उहाँलाई प्रभुका रुपमा मान्न ।

## ११. अन्तिम वचन

१ कोरिन्थी १३ : ८–१४ : १

प्रेमको कहिल्यै अन्य म हुँदैन। अगमवाणीहरू बितेर जानेछन्, भाषाहरू बन्द हुनेछन्, ज्ञान टलिजानेछ। हाम्रो ज्ञान अपूर्ण छ, हाम्रो अगमवाणी अपूर्ण छ। तर जब सिद्धताचाहिँ आउनेछ, तब अपूर्णता टलिजानेछ। जब म बालक थिएँ तब बालकजस्तौ बोल्थेंह, बालकले जस्तो विचार गर्थें, बालकले जस्तौ तर्क गर्थें, तर जब म जवान भएँ तब बालकको चाल छोडिदिएँ। अहिले हामी ऐनामा जस्तैर धमिलोसँग देख्छौं, तर त्यस बेलाचाहिँ छर्लङ्ग देख्नेछौं। अहिले म थोरै मात्र बुझ्दौछु, त्यस बेलाचाहिँ पूरै बुझ्नेछु, जसरी म पनि पूर्ण रूपले चिनिएको छु। अब विश्वास, आशा, प्रेम, यी तीन रहन्छन्, तर यिनमा सर्वोत्तमचाहिँ प्रेम नै हो। प्रेमलाई तिमीहरूको लक्ष्य बनाओ, र आत्मिक वरदानहरूका निम्ति उत्कट अभिलाषा राख, विशेष गरी अगमवाणी बोल्नका निम्ति।